"समृद्ध आमचोक गाउँपालिका : सुखी र सुसंस्कृत आमचोकबासी"
आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

प.सं. : २०८१/०८२
सूचना.नं. 2

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

मिति:- २०८१।०४।०८

## प्राविधिक तथा (+२) माध्यमिक शिक्षा अध्ययन गर्नका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालयको रूपमा सुम्निमा बहुप्राविधिक शिक्षालय भोजपुरमा शैक्षिक सत्र २०८१ देखि ३ वर्षे डिप्लोमा तहको सिभिल ईन्जिनियरिङ, कृषि (बालि विज्ञान) र कृषि (पशु विज्ञान) सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तह र सहिद स्मृति माध्यमिक विद्यालय, इटहरीमा (+२) माध्यमिक शिक्षा अध्ययन गर्नको लागि प्रवेश परीक्षा संचालनका लागि एस. ई. ई. उत्तिर्ण विद्यार्थीहरुका लागि आवश्यक कागजातहरु सहित २०८१।०४।१४ गते सम्म आवेदन फाराम भर्नका लागि सूचना प्रकाशन गरिएको हुँदा यस गाउँपालिकाले पनि गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई निम्न कोटामा प्राथमिकिकरण गरी पूरा कोर्षमा लाग्ने शूल्क छात्रवृतिको रुपमा उपलब्ध गराउने भएकाले आमचोक गाउँपालिकामा हाल स्थायी बसोबास गरिरहेका ईच्छुक विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको कार्यक्रम खुलाएर तपसिलका आवश्यक कागजात सहित मिति मिति २०८१।०४।१४ गते भित्र निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर**

- सिभिल इन्जिनियरिङ तर्फ - २
- कृषि (बालि विज्ञान) तर्फ - २
- कृषि ( पशु विज्ञान) तर्फ – २

**सहिद स्मृति माध्यमिक विद्यालय, इटहरी**

- विज्ञान संकाय तर्फ- २ जना
- होटल म्यानेजमेन्ट संकाय तर्फ- २ जना
- व्यवस्थापन संकाय तर्फ- २ जना

**आवश्यक कागजात**

- एस.एल.सी. वा प्राविधिक एस.एल.सी.(प्रि- डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रको प्रितिलिपि।
- नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपि।
- नागरिकता वा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- गरिव तथा विपन्न भएको सम्बन्धित वडाको सिफारिस पत्र।

८।१८

महिनारायण चौधरी
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

इमेल:ito.aamchowkmun@gmail.com, info@aamchowkmun.gov.np
Website: www.aamchowkmun.gov.np Facebook: facebook.com/aamchowk.gaunpalika